**Far Western Journal of Education**
A Peer-reviewed Journal
ISSN: 3059-9113 (Print)
Published by Faculty of Education, Far Western University
Mahendranagar, Nepal

# वर्णविन्यास सम्बन्धी देखापरेका विरोधाभासपूर्ण अवस्था

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत
सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, नेपाल
Email: joshihema262@gmail.com

**लेखसार**

प्रस्तुत आलेख वर्णविन्यास सम्बन्धी देखापरेका विरोधाभासपूर्ण अवस्थाबारे अध्ययनमा केन्द्रित छ । वर्णविन्यास भनेको वर्णहरूको व्यवस्थित विन्यास वा वर्णहरूको ठिक रखाइ वा नियम बमोजिमको लेखन हो । ठिक ढङ्गले वर्णविन्यासको प्रयोग नगरिएमा अर्थको अनर्थ हुने हुँदा लेखाइमा वर्णविन्यास मिलाउनु आवश्यक हुन्छ । वर्णविन्यास लेख्य भाषासँग सम्बन्धित विषय हो । यसलाई हिज्जे पनि भनिन्छ । वर्णविन्यासलाई लिपि विन्यास पनि भन्न सकिन्छ । कुनै भाव वा विचार वा कुनै कुरा लेख्य भाषामा व्यक्त गर्दा वर्णविन्यास मिलाउनुपर्छ । वर्णको सम्बन्ध अर्थसँग हुने भएकाले वर्णविन्यासमा त्रुटि भएमा कुनै अभिव्यक्ति सही र स्पष्ट रूपमा प्रकट हुन सक्दैन । लिखित अभिव्यक्तिमा लेख्य चिन्हहरूको शुद्ध, स्पष्ट र स्तरीय प्रयोगको आवश्यकता पर्दछ । प्रस्तुत लेखमा वर्णविन्यास सम्बन्धी देखापरेका विरोधाभाषपूर्ण अवस्थाको बारेमा अध्ययन गरिएको छ । आलेख तयार पर्ने सन्दर्भमा मूलतः पुस्तकालयको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्यलाई तर्क, प्रमाण र उदाहरणका आधारमा वर्णनात्मक विधिद्वारा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । लेखमा वर्णविन्यास सम्बन्धी देखापरेका विरोधाभासपूर्ण अवस्था, नेपाली बृहत् शब्दकोश २०७२ र २०७५ को वर्णविन्यासको अवस्था के कस्तो रहेको छ भन्ने कुरा उल्लेख गरिएको छ । लेखलाई गुणात्मक अनुसन्धान पद्धतिका आधारमा सम्पन्न गरिएको छ । नेपाली भाषामा वर्णविन्यासका सर्वमान्य नियमहरू बन्न सकेका छैनन् ।  निष्कर्षमा वर्णविन्यासको विरोधाभासपूर्ण अवस्थाको बारेमा विद्वानहरूका बिचमा फरक-फरक मतहरू रहेको कुरा लेखमा देखाइएको छ । अतः वर्णविन्यासम्बन्धी स्पष्ट रूपमा नियमको खाँचो रहेको कुरा देखाउनु यस आलेखको सार हो ।

***शब्दकुञ्जी:*** मातृभाषा, राष्ट्रभाषा, तद्भव, आगन्तुक, मौलिक ।

*©Author(s) and Publisher*

*This open access article is distributed under a **Creative Commons Attribution-Non Commercial 4.0 (CC BY-NC 4.0) International Public License.***

**विषयप्रवेश**

नेपाली भाषा अधिकांश नेपालीको मातृभाषा, अरू मातृभाषी नेपालीहरूको सम्पर्क भाषा र नेपालको सरकारी कामकाजको भाषा हो । देव नागरी लिपिमा लेखिने यो भाषा नेपालको राष्ट्रभाषा, सरकारी कामकाजको भाषा, पठनपाठनको माध्यम भाषा हुनुका साथै सञ्चार, प्रशासन, कानुन आदि क्षेत्रमा प्रयोग हुँदै आएको महत्त् वपूर्ण भाषा हो । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, (राष्ट्रिय तथ्याङ्क कार्यालय,२०८०) को प्रकाशित विवरणअनुसार नेपालमा बोलिने नेपाली मातृभाषा प्रयोग गर्ने ४४.८६ प्रतिशत जनसंख्या रहेको छ । यसकारण नेपाली भाषाको प्रयोगमा मानक वर्णविन्यासको प्रयोग हुनुपर्दछ । मानक भनेको आदर्श, शुद्ध र सही रूप हो । मानक रूपमा शुद्धता, उच्च स्तरीयता र एकरूपता हुन्छ । नेपाली लेख्य भाषामा वर्णविन्याससम्बन्धी अस्पष्टता एक प्रमुख समस्याका रूपमा रहेको छ । यस्तो समस्याले गर्दा लेख्य भाषाको मानकीकरण प्रक्रिया प्रभावित हुन गई भाषामा एकरूपता कायम हुन सकिरहेको छैन । यसले गर्दा प्रयोक्ताहरूमा अन्योल रहिरहेकै छ ।

झापाको चन्द्रगढीमा २०६६ चैत २८-२९ मा देशका विभिन्न भाग र दार्जिलिङ, सिक्किम समेतबाट आएका साहित्यकारका बिच एउटा भव्य साहित्यिक जमघटको आयोजना गरिएको थियो । उक्त अवसरमा झापाको चन्द्रगढीमा बसी नेपाली साहित्यमा साधनारत प्रसिद्ध झर्रावादी साहित्यकार चूडामणि रेग्मीको नागरिक अभिनन्दन गरिनुका साथै नेपाली भाषाको लेखनमा झल्दोबल्दो समस्याका रूपमा रहेको नेपाली वर्ण विन्यासका सम्बन्धमा छलफल गरी निष्कर्षका रूपमा नेपाली वर्ण विन्यासका सम्बन्धी चन्द्रगढी घोषणा पत्र २०६६ जारी गरिएको थियो । साहित्यकार तथा भाषाविद्हरुका माझमा नेपाली लेखनमा प्रायः अन्योलको विषय बन्ने वर्ण विन्यासका बारेमा उक्त घोषणा पत्रले नेपाली लेखनका लागि एउटा ठोस दिशा निर्देश गरेको अनुभव भएको छ । घोषणा पत्रले नेपाली वृहत् शब्दकोश २०४० ले सुरु गरेका मान्यतालाई पुष्टि गर्दै त्यसमा देखिएका अपवादलाई कम गर्ने र यस क्षेत्रमा सुधार एवम् परिष्कार गर्ने क्रममा थप पक्षलाई समेत औंल्याएको देखिन्छ ।

यसैगरी ललितपुर घोषणापत्र, २०६८ नेपाली भाषाकर्मीहरूद्वारा जारी घोषणापत्र हो । नेपाली भाषाको प्रयोगमा रहेका भ्रमहरू हटाउने उद्देश्यले सबैलाई मान्य हुनेगरी मानक तयार गरेर त्यसैका आधारमा भाषा लेखन गर्ने उद्देश्यका साथ यो घोषणापत्र आएको हो । भाषा मानिसले व्यवहारबाट सिक्दछ र भाषिक व्यवहार बारम्बारको अभ्यासमा आधारित हुन्छ । सिकाइका क्रममा जानेका कुरा दिमागमा गाडिएर रहेका हुन्छन् । गलत प्रयोगबाट लागेको बानी बदल्न निकै गाह्रो हुन्छ भने बारम्बारको अभ्यासबाट सही भनी दिमागमा अङ्कित गरिएको कुरा लाई गलत ठान्न कठिन हुन्छ । एउटा तहमा पढदा शुद्ध मानिएको शब्द अर्को तहमा पुग्नासाथ अशुद्ध भनिँदा शिक्षक वर्गप्रति विद्यार्थीहरूको विश्वास घट्दो छ भने समग्रमा नेपाली भाषाप्रति नै वितृष्णा बढ्दो छ । अझै भन्नुपर्दा शिक्षक वर्गलाई गम्भीर समस्या छ । यसलाई जिम्मेवार आधिकारिक संस्था र व्यक्तिहरूले निराकरण गर्नं जरूरी छ र यसमा नेपाली विषय पठनपाठन गर्ने शिक्षक, प्राध्यापकहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । यही कुरालाई ध्यानमा राखेर प्रस्तुत लेखमा नेपाली वर्णविन्यासका केही मुख्य पक्षका बारेमा चर्चा गरिएको छ ।

नेपाली भाषा आम नेपालीले प्रत्यक्ष वा परोक्ष प्रयोग गर्नँ नै पर्ने एक समृद्धशाली भाषा भएर पनि यसको लेख्य रूपको प्रयोगमा अधिकांश प्रयोक्ताहरूबाट वर्णविन्यासगत शुद्धतामा ध्यान पुग्न सकेको देखिँदैन । लेख्य भाषाको मानक रूप निर्धारण गर्न र भाषामा एकरूपता कायम गर्नँका साथै अर्थगत स्पष्टता ल्याएर भाषालाई सम्प्रेषणीय बनाउनका लागि पनि वर्णविन्यासगत शुद्धता अनिवार्य हुन्छ । वर्णविन्यास सम्बन्धी देखापरेका विरोधाभासपूर्ण अवस्थाबारे आलेखका लागि निम्नलिखित समस्याहरू पहिचान गरिएका छन् ।

क- वर्णविन्यास सम्बन्धी देखापरेका विरोधाभासपूर्ण अवस्था के कस्ता छन् ?

ख- नेपाली बृहत् शब्दकोश २०७२ र २०७५ को वर्णविन्यासको अवस्था कस्तो छ ?

उपर्युक्त शोध्यप्रश्नहरूको निराकरण गर्नँ नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

वर्णविन्यास वा भाषाको वर्णमालाको सही ठाउँमा स्थापना गर्नँ पर्ने प्रक्रिया हो । एक भाषाको वर्णमाला मात्रै होइन, बरू ती वर्णमाला र वर्णमालामा प्रत्येक अक्षरको स्थानीय रूपमा पर्याप्त तरिकामा प्रस्तुत गरिएको हुनुपर्छ । यो वर्णविन्यास भाषाको सुधार, समृद्धि र सञ्जीवनी हो । यसले भाषाको समर्थन र सुरक्षा गर्दछ र विभिन्न समृद्धि प्रक्रियाहरूले यसको महत्त्वपूर्ण भूमिका खेल्दछ । वर्णविन्यासले भाषालाई सही रूपमा लेखिएको अक्षरहरूको प्रस्तुति गरेको छ । यसले भाषाको सही स्थिति र समर्थन पनि गरेको हुन्छ जसले ती भाषालाई परिचालनमा राख्दछ र विभिन्न क्षेत्रमा भाषाको उपयोग गरिन्छ । वर्णविन्यासले पढाइ लेखाइमा सुधार ल्याउँछ र शिक्षा प्रणालीलाई राम्रो बनाउँछ । वर्णविन्यासले सामाजिक, सांस्कृतिक र शैक्षिक दृष्टिकोणबाट पनि महत्त्वपूर्ण भूमिका खेल्दछ । वर्णविन्यासले भाषा, साहित्य र कला सञ्जीवनीमा महत्त्वपूर्ण भूमिका खेलेको छ । वर्णविन्यास सम्बन्धी देखापरेको विरोधाभाषपूर्ण अवस्थाको आधारमा केन्द्रित भई अध्ययन नभएको परिपेक्ष्यमा उक्त अवस्थाको समष्टिगत र वस्तुगत विश्लेषण प्रस्तुत गरिनु यस आलेखको प्राज्ञिक अनुसन्धानात्मक औचित्य छ ।

## शोधविधि

प्रस्तुत आलेख सम्पन्न गर्नका लागि अपनाइएको साम्रगी सङ्कलन, तिनको सम्पादन र व्यवस्थापनका लागि अँगालिएका विधि छनोट गरिएका सामग्रीको विश्लेषणको सैद्धान्तिक आधार एवम् अर्थापनको ढाँचाको व्याख्या निम्नअनुसार गरिएको छ ।

प्रस्तुत अनुसन्धानात्मक लेखमा पुस्तकालीय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोतहरूबाट सामग्री सङ्कल्न गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा उपलब्ध अभिलेख सामग्रीहरूबाट तथ्यहरूको सङ्कलन, व्याख्या र विश्लेषण गरी निचोडमा पुगिएको छ । अभिलेख सामग्रीहरूमा सम्बन्धित पुस्तक, पत्रपत्रिका, समीक्षात्मक तथा अनुसन्धानात्मक लेखहरू संलग्न छन् । यिनै सामग्रीको विश्लेषणबाट निष्कर्ष निकालिएको छ ।

## नतिजा तथा छलफल

### वर्णविन्यासको परिचय

वर्ण र विन्यासको योग भई वर्णविन्यास शब्द बन्दछ । जसको अर्थ वर्णलाई उचित तवरले राख्नु भन्ने बुझिन्छ । भाषाका लेख्य वर्णहरूको लिखित क्रमलाई वर्णविन्यास भनिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश,२०७२, पृ.१२८२) । वर्णलाई व्याकरणीक नियम अनुसार उपयुक्त रूपले विन्यास गरेर लेख्ने कामलाई वर्णविन्यास भनिन्छ (भट्टराई, २०६०,पृ .१५) । वर्णहरूलाई लेख्य भाषामा वर्ण, मात्रा, चिन्ह आदिलाई नियम अनुरूप स्तरीकृत गर्न प्राचीन समयदेखि नै विभिन्न प्रयासहरू भएका पाइन्छन् । वर्णहरूलाई नियम बमोजिम लेखनको विधानमा प्रस्तुत गर्ने कार्य वर्णविन्यासले गर्दछ । भाषाको लेख्य र कथ्य रूपमध्ये वर्णविन्यास लेख्य वर्णहरूसँग सम्बन्धित भएकाले शुद्ध र मानकीकृत लेखनका लागि यसको प्रयोगमा एकरूपता ल्याउनु अनिवार्य हुन्छ । वर्णविन्यासलाई पर्यायवाची शब्दका रूपमा हिज्जे खिप्ती, वर्तनी आदि पनि भन्ने गरिएको पाइन्छ । लिपि चिन्ह भएका जुनसुकै भाषामा पनि वर्णविन्यास अनुसार लेख्य परम्परा बसालिएको पाइन्छ । नेपाली देवनागरी लिपिमा लेखिने भाषा भएको हुनाले यस भाषाका पनि आफ्नै वर्णविन्यास सम्बन्धी मान्यताहरू देखिएका पाइन्छन् । समयको क्रम, वर्णहरूमा प्रयोगको विविधता, प्रयोग सम्प्रेष्य एवम् सरल नेपाली भाषामा पनि वर्णविन्यास सम्बन्धी मान्यतामा परिवर्तन आएको पाइन्छ । यसका साथै वर्णविन्यासको राम्रो ज्ञान र प्रयोगको क्षमता भएका विद्वत वर्गले आ-आफ्नै मान्यता अनुसारको वर्णविन्यासको प्रयोग गर्नाले यसको मानकीकरण र स्तरीकरणमा बाधा पुगेको देखिन्छ । वर्णविन्यास लेख्य भाषामा प्रयोग हुने शुद्ध, स्पष्ट र स्तरयुक्त लिपिको स्वरूप हो । लेख्य भाषामा विचारको स्पष्ट एवम् शुद्ध भाषाको आवश्यकता पर्दछ । त्यसै आवश्यकता परिपूर्तिका लागि वर्णविन्यास शिक्षणको आवश्यकता पर्दछ (शर्मा र पौडेल, २०६०,पृ. १२९) ।

वि.सं. २०४० मा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा 'नेपाली बृहत् शब्दकोश' प्रकाशित गरेपछि नेपाली वर्णविन्यासको प्रयोगमा सोही शब्दकोशलाई आधार मानी अगाडि बढेको पाइन्छ । यसै गरी पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा प्रकाशित 'प्रकाशन सम्पादन शैली' (२०५६) ले प्रकाशनका क्रममा देखिएका वर्णविन्यास सम्बन्धी त्रुटिलाई कम गर्ने प्रयास गरेको पाइन्छ । उक्त पुस्तकको भाग तीनमा वर्णविन्यास र शब्दभण्डार सम्बन्धी सामग्री प्रस्तुत गरिएको छ । यस भागमा विशेषतः माध्यमिक तहसम्मका विद्यार्थीमा नेपाली लेखनमा एकरूपता ल्याउने र अन्य सम्बद्ध पाठकहरूमा समेत नेपाली लेखनमा वर्णविन्यासगत सचेतता अभिवृद्धि गर्ने उद्देश्यले तत्सम तद्भव र झर्रा शब्द लेखनको प्रक्रियाहरू प्रस्तुत गरिएको छ । नेपाली वर्णविन्यास विषयक अधिगोष्ठी (२०५७) का साथै पछिल्लो समयमा हेमाङ्गराज अधिकारीको सम्पादकत्वमा 'प्रयोगात्मक नेपाली शब्दकोश' (२०६१) को प्रकाशन र नेपाल प्रज्ञा प्रतिष्ठानको तत्वविधानमा हिमाल एसोसियसनको बाल साहित्य प्रवर्धन केन्द्र र 'रूम टु रिड' नामक संस्थाहरूको संयुक्त आयोजनामा वि.सं.२०६२ मा सम्पन्न लेख्य नेपालीको एकरूपीकरण विषयक राष्ट्रिय गोष्ठीका छलफल र निष्कर्ष पनि महत्त्वपूर्ण मानिन्छन् । यसरी वर्णविन्यासको विकासको सन्दर्भमा पछिल्लो समयमा त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) प्रकाशन गरेपछि वर्णविन्याससम्बन्धी कतिपय पुराना मूल्यमान्यतालाई कायापलट गर्ने प्रयास गरेको देखिन्छ ।

**वर्णविन्यासमा विरोधाभासपूर्ण अवस्था**

वर्णविन्यास भनेको शुद्धाशुद्धि वा हिज्जेको विधान हो । यसले शब्दमा वर्णहरूको सार्थक एवम् समुचित विन्यास अर्थात् रखाइलाई जनाउँछ । तर यस विषयमा नेपालीका विद्वानहरूले अन्योलता सिर्जना गरेकाले नेपाली भाषामा वर्णविन्यासका सर्वमान्य नियमहरू बन्न सकेका छैनन् । देवनागरी लिपिमा नेपाली भाषाको लेखिने वर्णविन्यास सर्वसम्मत र सर्वमान्य भएर स्थिर हुन सकेको छैन । वर्णविन्यासका सम्बन्धी चन्द्रगढी घोषणा पत्र २०६६ ले नेपाली वृहत् शब्दकोश २०४० ले सुरु गरेका मान्यतालाई पुष्टि गर्दै त्यसमा देखिएका अपवादलाई कम गर्ने र यस क्षेत्रमा सुधार एवम् परिष्कार गर्ने क्रममा थप पक्षलाई समेत औँल्याएको देखिन्छ । जसअन्तर्गत वर्णविन्यास सम्बन्धी नियममा तत्सम शब्दहरु तत्समकै नियम बमोजिम लेख्ने , तत्सम बाहेक तद्भव र आगन्तुक शब्दको वर्णविन्यास तद्भव अनुसार नै लेख्ने, तद्भवको वर्णविन्यासमा मानक उच्चारणलाई प्राथमिकता दिने, वर्णविन्यासमा अपवाद वा वैकल्पिक प्रयोगलाई न्यूनीकरण गर्ने, तद्भव र आगन्तुक शब्दमा पातलो स मात्र प्रयोग गर्ने, ञ, ण, क्ष, ज्ञ, ऋ को प्रयोग नगर्ने, तद्भव र आगन्तुक शब्दमा शिरविन्दु नराखी उच्चारण अनुसार नै लेख्ने, पहिले क्षति पूरक भनिने अगाडि र माझमा दीर्घ लेखिँदै आएका शब्दहरुमा सुरु र माझमा ह्रस्व लेख्ने र शिष्ट प्रयोग भनी दीर्घ लेखिँदै आएका शब्दलाई पनि त्यसै गर्ने । जस्तै; मिठो, तितो, दुध, फुल, बिच आदि ,सङ्ख्या वाचक शब्दको सुरु र माझमा सबैतिर ह्रस्व लेख्ने : तिन, उन्नाइस, बिस, बाइस, बत्तिस, छयालिस, उनासी आदि, उकारान्त नाम र विशेषण पदान्तमा ह्रस्व लेख्नेः नाम - भालु, तनहुँ, साँखु, सोलु... विशेषण - ठालु, चालु, उल्लु, छट्टु आदि, पदान्तमा ङ आउने अनुकरणात्मक शब्द र नाममा ङ्ग नलेखेर ङ नै लेख्ने । जस्तै; फुरुङ्ङ, छर्लङ्ङ, गुरुङ, चाम्लिङ आदि, अनुनासिक स्वर उच्चारण हुने ठाउँमा चन्द्रविन्दु नै राख्नेः आँगन, गाँस, गएँ, चाहिँ । तत्सम शब्दमा अन्य प्रत्यय लागेमा मूल शब्दलाई पनि तद्भवकै नियम अनुसार लेख्नेः पुर्बेली, मुर्ख्याइँ, दुस्ट्याइँ, पन्डित्याइँ, स्विकार्नँ, बिचार्नँ, दर्साउनु, बिदेसिनु, पुज्नु ...आदि, संयुक्त वर्णहरुमध्ये क्त, द्य, द्द, त्त, द्ध हरुलाई क्त = क्त, द्य = द्य, द्द = द्द, त्त = त्त, द्ध = द्धका रूपमा लेख्न प्रोत्साहित गर्ने । जस्तै; रक्त, उपभोक्ता, विद्या, विद्युत्, उद्देश्य, बुद्ध, बुद्धि, सिद्धि आदि, नामयोगीलाई पद वियोग गरी लेख्नेः घर माथि, टेबुल पर्तिर, ऐन बमोजिम, त्यस अन्तर्गत, उस मार्फत, अदालत समक्ष ... , आंशिक द्विरुक्ति जोड्नेः झैँझगडा, आआफ्नो, खरखजाना, झझल्को, छचल्को आदि , लामा शब्दहरु समस्त भए पनि छुट्याउनेः नेपाल सरकार, वाणिज्य विभाग, बाढी पीडित, विशेषण र विशेष्यलाई छुट्याउनेः शुभ दिन, नगदे बाली, शुभ कार्य, लेख्य भाषा , धातुमा तो-दो, तै-दै, एको, नु, ने, न जस्तो कृत् प्रत्यय लागेका शब्दसँग आउने छ ्हुन्छ ् थियो ्भयो आदिलाई छुट्याउनेः हाँस्दो छ, खोक्तै थियो, सुन्दै छ, गएको छ, आएको छ, भन्नु छ, बताउनु हुन्छ, पढ्ने छ, सुनाउने छ, पढ्न सक्छ ... ।

यस किसिमले वर्णविन्यासका सम्बन्धी चन्द्रगढी घोषणा पत्र २०६६ ले १८ बुँदे घोषणा पत्रका बारेमा चर्चा गरेको पाइन्छ । वर्णविन्यासमा भाषा सापेक्षता र भाषा निरपेक्षता चिनाउन शिक्षण हुन थालेको देखिन्छ । सर्वप्रथम प्रवीणता प्रमाणपत्र तहमा वि.सं. २०५१ र स्नातक तहमा वि.सं. २०५३ देखि पाठ्यक्रमबाट नेपाली उच्चार्य वर्ण, नेपाली लेख्य वर्ण र नेपाली शब्दमा अक्षर संरचनाको अध्यापन हुन थाल्यो । यसका आधारमा विद्यार्थीलाई मानक शब्द वा मानक शब्दमा लेखिएको अनुच्छेद दिएर कथ्य मानक लेख्न लागाउने

अभ्यास हुन थाल्यो । चन्द्रिका व्याकरणको प्रकाशन (१९६९) देखि नेपाली कसरी शुद्ध लेख्ने ? १९९२ हुँदै वि.सं.२०३३ बृहत् नेपाली व्याकरणसम्म हिँडेको देखिन्छ । यस हिँडाइले तत्समीकृत वर्णविन्यासलाई थप परिमार्जन गर्न सकेको देखिँदैन । दोस्रो बाटाले तत्समीकृतलाई तद्‌भवीकृत वर्णविन्यासतर्फ प्रारम्भिक परिमार्जन गरेको देखिन्छ । वर्णविन्यास परिमार्जनको दोस्रो बाटो हिँड्ने नेपाल प्रज्ञा प्रतिष्ठान वि.सं.२०४० को शब्दकोशपछि वि.सं.२०५७ र वि.सं.२०६७ मा वर्णविन्यास सम्बन्धी विद्वत् गोष्ठी गराउँदै नेपाली बृहत् शब्दकोश २०७२ को प्रकाशनसम्म आएको छ । वर्णविन्यासको तद्‌भवीकरणलाई यसले वि.सं.२०३६, वि.सं.२०५१, वि.सं.२०५७ र वि.सं. २०६६ मा अनिवार्य नेपालीको पाठ्यक्रममा प्रवेश र शिक्षण गराउँदै लगेको देखिन्छ । शिक्षा मन्त्रालयको पाठ्यक्रम विकास केन्द्रले प्रज्ञा प्रतिष्ठानको शब्दकोशका आधारमा वि.सं.२०५६ र वि.सं.२०६३ देखि नै प्रकाशन शैली प्रकाशित गरी कक्षागत पाठ्य पुस्तकमा तद्‌भवीकृत वर्णविन्यासलाई क्रमशः प्रवेश दिँदै दोस्रो बाटो नै हिँडेको भेटिन्छ । हाल पाविके सानोठिमीले विश्व विद्यालय र नेपाल प्रज्ञा प्रतिष्ठानको राय समेत लिएर परिमार्जित प्रकाशन शैली–२०७० बाट पाठ्य पुस्तकहरू छपाएको छ । वर्ण र शब्दहरू कसरी लेख्ने भन्ने विषयमा व्याकरणिक नियम र प्रचलनका नाममा प्रयोग भएका प्रतिमानहरूका बारेमा शास्त्रीय भाषाका लेखकहरू विभाजित छन् ।

**तत्सम र तद्‌भवका कुरा**

संस्कृतबाट जस्ताको तस्तो नेपालीमा आएका/ल्याइएका शब्द तत्सम हुन् । तिनलाई संस्कृतमा जसरी लेखिन्छ त्यसरी नै लेख्ने भन्ने कुरामा कुनै मतभेद रहेको देखिँदैन । खालि शिरविन्दुबाट संस्कृतमा काम चल्ने ठाउँमा नेपालीमा लेख्दा कचटतप वर्णसमूहभित्र तिनको पञ्चम वर्ण हलन्त किन गर्नँपर्ने भन्ने हिसाबले कतिपयले शिरविन्दुले नै काम चलाउने (अङ्क नलेखेर अंक लेख्ने) किसिमको प्रयुक्ति अन्तर देखिन्छ । तद्‌भवलाई नेपाली व्याकरणिक नियम र उच्चारणका आधारमा वर्तनी लेख्ने नियम स्वीकार गरिएको छ तर तत्सम र तद्‌भव खाली रूपले मात्र भिन्न हुन् एकै अर्थका हुन्छन् भन्ने गरी भ्रमित पारिएको छ । वि.सं. २०२९ मा साझा प्रकाशनमा भएको गोष्ठीले नेपाली संस्कृत तत्सम शब्दलाई यथावत् रहन दिने निर्णय र वि.सं. २०४० को नेपाली बृहत् शब्दकोशमा आगन्तुक शब्दलाई समेत यथावत् गर्ने छुट लेखकलाई दिएर वर्णविन्यासलाई नेपाली ध्वनिअनुसार सुधार गर्दै जाने प्रयास भएको जानकारी भेटिन्छ ।

**तद्‌भव शब्दमा ह्रस्वीकरण र पदवियोगमा व्यापकता**

प्रा. डा. हेमाङ्गराज अधिकारीको अध्यक्षता तथा प्रा. राजेन्द्र सुवेदी, प्रा. डा. देवीप्रसाद गौतम, प्रा. डा. व्रतराज आचार्य, प्रा. डा. जगदीशचन्द्र भण्डारी, प्रा. लालानाथ सुवेदी र प्रा. डा. बद्रीविशाल भट्टराईको संलग्नतामा वि.सं.२०६६ असारमा त्रिविद्वारा 'अनिवार्य नेपाली शिक्षण निर्देशिका'ले आगन्तुक शब्दमा मात्र होइन सम्पूर्ण तद्‌भव शब्दमा पनि सकार र आदि मध्यमा ह्रस्वको मात्र प्रयोग गर्न, क्षतिपूर्ति दीर्घीभवन र शिष्ट प्रयोगका आधारमा दीर्घ लेखिँदै आएका मीठो, पूरा, कीरो, धूलो आदि शब्दलाई आदि मध्यमा ह्रस्व लेख्न, तीन, बीस, तीस आदि सङ्ख्यावाचक शब्दलाई पनि ह्रस्व लेख्न, जना, वटा-ओटा शब्दलाई, त्र्यक्षरी शब्दसँग समास भएका शब्दलाई र संयुक्त क्रियालाई पनि पदवियोग गरेर लेख्न निर्देशन दियो ।

**संयुक्त वर्णलाई खुट्टा काट्ने संस्थागत आदेश**

वि.सं.२०६९ श्रावण २२ गतेको मन्त्रीस्तरको निर्णय भनी पाठ्यक्रम विकास केन्द्रले जारी गरेको 'शैली पुस्तिका'मा क्ष, त्र , द्व बाहेकका ङ, छ, ट, ठ, ड, ढ, द र ह जोडिएका संयुक्त वर्णलाई खुट्टा काटेर लेख्न, तत्सम बाहेकका सबै शब्दमा आदि र मध्यमा ह्रस्व तथा तालव्य शकार लेख्ने गरिएका तत्सम शब्द तथा नाम, थर र पदवीमा बाहेक अन्यत्र सकारको मात्र प्रयोग गर्न, सबै प्रकारका नामयोगीलाई, स्वरुप शब्दलाई, संयुक्त क्रियालाई र प्रसाद, बहादुरजस्ता नाम र थरका बीचमा प्रयोग हुने शब्दलाई पनि पदयोग गरेरै लेख्न, त्र्यक्षरी वा सोभन्दा बढी अक्षरसँग जोडिने समस्त शब्दलाई र भैं, चाहिँ, जना, ओटा, जस्तो, जस्तै, जसरी, जस्ता आदि शब्दलाई पदवियोग गरेर लेख्न तथा विद्यालय तहका विद्यार्थीको लेखन पक्षको मूल्याङ्कन पनि यिनै नियमका आधारमा हुने निर्देशन जारी गरिएको पाइन्छ । यसैगरी शर्वराज आचार्य ले पनि नेपाली वर्ण विन्यासका पाँच स्थिति प्रस्तुत गरेका छन् । (मुहार पुस्तिकाबाट साभार जुन,१८,२०१७)

**नेपाली वर्णविन्यासको पहिलो स्थिति**

वि.सं.२०३४ को नेपाली भाषा अधिगोष्ठी र नेपाली बृहत् शब्दकोश २०४० ले तद्भव शब्द, आगन्तुक शब्द तथा तद्भव प्रत्यय व्युत्पन्न शब्दको वर्णविन्यास नेपाली विशेषता अनुसार लेख्ने र कर्मधारय समासलाई पद वियोग गर्ने भनेकाले यो मान्यता वि.सं.२०७३ सम्म आइ पुग्दा क्रमशः निम्न किसिमका शब्दहरूको वर्णविन्यासमा परिवर्तन आएको देखिन्छ ।

(क) नेपालीका शिष्ट प्रचलनः (पदादि ह्रस्व लेखी परिवर्तन)

(ख) क्षतिपूर्ति दीर्घीभवन आदिः (पदादि ह्रस्व लेखी परिवर्तन)

(ग) केही श्रुतिसम भिन्नार्थक शब्दः (पदादि ह्रस्व लेखी परिवर्तन)

(घ) सङ्ख्यावाचक शब्दः (पदादि र पदमध्यमा ह्रस्व लेखी परिवर्तन)

(ङ) तद्भव प्रत्यय व्युत्पन्न शब्दः (व्युत्पन्न शब्दमा पातलो स, ह्रस्व इकार, उकार लेखी परिवर्तन)

(च) तद्भव र आगन्तुक शब्दका शकार, षकार, ऊकार र ईकारः (सबै पातलो स र ह्रस्व इकार उकार लेखी परिवर्तन)

(छ) अपवाद न्यूनीकरणः धर्म, स्थान भाषा बुझाउने शब्दको पदान्तमा ह्रस्व उकार (नेपाली विशेषता)

(ज) विध्यर्थ क्रियाः नेपाली विशेषता र अपवाद न्यूनीकरणको पालना ।

(झ) कर्मधारय समासको पद वियोगको प्रभावः लामा समस्त शब्द, लामा नामयोगी, संयुक्त क्रिया, नामिक क्रिया द्वित्व शब्दहरूको पदयोगबाट पद वियोगमा परिवर्तन ।

(ञ) संयुक्ताक्षरमा द (बालमैत्री उच्चारण मैत्री, प्रविधि मैत्री ) : विद्या, गद्य, शुद्ध, बुद्ध, पद्म आदि मा द् लेखनमा परिवर्तन ।

**नेपाली वर्णविन्यासको दोस्रो स्थिति**

मुकुन्दशरण उपाध्यायबाट वि.सं. २०३४ को नेपाली भाषा अधिगोष्ठी र वि.सं.२०४० को प्रज्ञा प्रतिष्ठानको शब्दकोशमा स्थापित मान्यता अस्वीकार ।

**नेपाली वर्णविन्यासको तेस्रो स्थिति**

(क) बगली कोश (वि.सं.१९९८) का आधारमा मानक नेपाली वर्णविन्यास

(ख) वर्णविन्यासको पहिलो स्थितिलाई अस्वीकार ।

**नेपाली वर्णविन्यासको चौथौ स्थिति**

वि.सं.२०७३ कार्तिक ३० गतेको भएको नेपाल प्रज्ञा प्रतिष्ठानको वर्णविन्यास सम्बन्धी निर्णय :

(क) संयुक्त व्यञ्जन जोड्ने : विद्या, बुद्ध, शुद्ध, युद्ध द्वन्द्व आदि ।

(ख) पदयोग पद वियोग निम्न हुने :

अ. एकल अर्थ दिने व्यक्तिवाचक नाम - लक्ष्मीप्रसाद वा लक्ष्मी प्रसाद

आ. एकार्थी स्थान र बारको नाम पदयोग - आइतवार,

इ. लघुरूप समस्त शब्द पदयोग - भक्तपुर, ललितपुर, विश्वविद्यालय

ई. विभक्ति, नामयोगी पदयोग - रामलाई, घरबाहिर

उ.संयुक्त क्रिया पदयोग

ऊ.पूर्वकालिक पूर्ण, अपूर्ण र सामान्य भविष्यत् क्रिया पद वियोग

(ग) ह्रस्वदीर्घ र सकार सम्बन्धीः

अ. पेसा, जाति, थर अन्त्यमा ईकार ऊकार र हरूको रू दीर्घ

आ. विशेषणबोधक शब्दको पदान्त प्रचलन अनुसार ह्रस्वदीर्घ - इखालु, रोगी

इ. श,ष र सको व्यवस्थाः वि.सं.२०५७ र वि.सं.२०६८ को नेपाली बृहत् शब्दकोश अनुसार

ई. श्रुतिसम भिन्नार्थक यथावत्

उ. वि.सं. २०५७ र वि.सं.२०६७ का नेपाली वर्णविन्यास विषयक अधिगोष्ठी र भाषा सङ्गोष्ठीमा फरक मत नजनाएका निष्कर्षहरू यथावत् :

**नेपाली वर्णविन्यासको पाँचौं स्थिति**

अ. प्रयोक्ताहरूको लेखनमा विविधता - पत्रकार, वकिल, लेखक, प्रकाशन गृह र साहित्यकार

आ. अन्य प्रयोक्तामा पनि विविधता - विविध विषयका शिक्षक, सरकारी र गैरसरकारी कार्यालय

इ. नेपाली शिक्षकलाई पढाउन र परीक्षा लिन काम लाग्ने, परीक्षापछि नेपाली पढाउनेले बाहेक कसैले प्रयोग नगर्ने

ई. शुद्ध प्रयोगप्रति अत्यधिक बेवास्ता ।

उ. नेपाली वर्णविन्यास र तल्ला कक्षाको शिक्षण सिकाइप्रति बेवास्ता ।

ऊ. पहिलो स्थितिलाई दोस्रो र तेस्रो स्थितिले पुरै बेवास्ता

ऋ. चौथो स्थितिले पहिलो स्थितिलाई कम अनुसरण । (तद्भव शब्द, आगन्तुक शब्द तथा तद्भव प्रत्यय व्युत्पन्न शब्दको वर्णविन्यास नेपाली विशेषता अनुसार लख्न आंशिक प्रतिबद्धता र कर्मधराय समासलाई पद वियोग गर्ने मान्यताको बेवास्ता )

ए. पाँचौ स्थितिले गर्दा नेपाली वर्णविन्यासमा गन्जागोल

वर्तमान समयमा नेपाली भाषाको लेखन व्यवस्थामा देखिएका विकृतिहरू हेर्दा निकै दुःख लाग्छ । जानेर वा नजानेर नेपाली भाषा लेखनमा विभिन्न खाले नियमहरू देखा परेका छन् । यसै सिलसिलमा नेपाली भाषा शुद्ध लेख्नका लागि वर्णविन्यासको ज्ञान अत्यन्त आवश्यक छ । वर्णविन्यासको नियमलाई राम्ररी पालना गर्ने हो भने नेपाली भाषामा शुद्धता र एकरूपता नआउने कुरामा दुईमत छैन ।

**नेपाली बृहत् शब्दकोश २०७२ र २०७५ को वर्णविन्यासको अवस्था**

नेपाल प्रज्ञा प्रतिष्ठानबाट नवौँ संस्करण भनी प्रकाशित नेपाली बृहत् शब्दकोश (२०७२) ले नेपाली भाषाका क्षेत्रमा भाँडभैलो नै सिर्जना गरेको छ । नेपाली भाषाका सबै प्रयोक्ताका लागि मानक र आधिकारिक शब्दकोश भनेको नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित 'नेपाली बृहत् शब्दकोश' नै हो । अन्य धेरै शब्दकोशहरू प्रकाशित भए पनि भाषासाहित्यको एकमात्र सरकारी आधिकारिक निकाय नेपाल प्रज्ञा-प्रतिष्ठान मानिएकाले यस प्रतिष्ठानबाट प्रकाशित शब्दकोश सर्वस्वीकार्य, निर्विवाद र प्रामाणिक हुनुपर्छ । २०५८ सम्मका शब्दकोशहरूमा कुनै विवाद थिएन । २०७२ मा 'नेपाली बृहत् शब्दकोश' लाई भत्काउने क्रम सुरु भयो । 'भक्तपुर' जोड्ने 'ललित पुर' छुट्याउनेजस्ता अतार्किक कुरा, श्रुतिसमभिन्नार्थक शब्दलाई ह्रस्व लेख्ने खेल र संयुक्त क्रियालाई छुट्याउने जस्ता खेल त्यहीँबाट प्रारम्भ भएको पाइन्छ । 'प्रयोगात्मक नेपाली शब्दकोश' (२०७०) अनि २०७२ को 'नेपाली बृहत् शब्दकोश' मा आइपुग्दा नेपाली भाषाको मानक लेख्यरूपलाई भत्काएर वर्णविन्यास तहसनहस पारेर, व्यञ्जन वर्णको जथाभावी खुट्टा काटेर, आधारहीन रूपमा वर्णगणना गरी पदयोग पदवियोग गरेर र धेरै शब्दहरूलाई मूल प्रविष्टिबाटै हटाएर शब्दकोशलाई विद्रूप बनाउने काम भएको देखिन्छ ।

'नेपाली बृहत् शब्दकोश' (२०७२) मा पदयोग पदवियोगमा पनि अराजकता छ । वृक्षरेखा पदयोग छ, वृक्षरोपण पदवियोग छ, कीर्तिपुर जोडिएको छ, विराटनगर छुट्याइएको छ । हायलकायल जोडिएको छ, हार गुहार छुट्याइएको छ । कुनै पनि अवस्थामा टुक्रयाउन नमिल्ने विद्यावारिधि र विश्वविद्यालयजस्ता शब्दलाई

विद्या वारिधि र विश्व विद्यालय बनाएर कुरूप पारिएको छ । एकैप्रकृति शब्दमा पनि अराजकता छ एकचोटि, कालीरह, जन्मतिथि, रसक्रीडा, समसामयिक जस्ता शब्द जोडिएको छ र त्यस्तै प्रकृतिका एक ताली, काली दह, जन्म दिन, रस केली सम कालीनजस्ता शब्द छुट्याएर लेखिएको छ । यस्ता स्थिति हजारौँ छन् । यो भन्दा अनौठो कुरा अरू के हुन्छ ? समस्त शब्दको मूल पहिचान र स्वरूप नै पदयोग गरेर लेखिनु वा एउटै डिकोमा लेखिनु हो तर समस्त शब्दलाई पनि चारओटा वर्णलाई जोड्ने र त्यहाँभन्दा बढी छुट्याउनेजस्ता कहीँ नभएका असङ्गत र अतार्किक नियमको सिकार बनाएर आम प्रयोक्ताले प्रयोग गर्ने शब्दकोशलाई तहसनहस बनाइएको छ । यसैगरी कुनै नामयोगी जोड्ने र कुनै छुट्याउने अतार्किक नियम पनि यसैमा छ । फुल-फूल, जून-जुन, पूरा-पुराजस्ता श्रुतिसम भिन्नार्थक शब्दलाई अर्थ नै ध्वस्त हुने गरी ह्रस्व मात्र गरिएको छ र दीर्घरूपलाई मूल प्रविष्टिबाट नै हटाइएको छ । अर्थलेखन, व्याख्या र उदाहरणमा आएका संयुक्त क्रियालाई पनि पदवियोग गरिएको छ । यसरी व्यक्तिको नाम कतै जोडेर र कतै छुट्ट्याएर प्रविष्टि दिइएको यस कोशमा यस्ता नाम कुन छुट्ट्याउने र कुन जोड्ने भन्नेबारे कुनै स्पष्ट नीति अबलम्बन गरिएको देखिँदैन । एकातिर २०६७ को संगोष्ठीमा भएको निर्णयअनुसार व्यक्तिवाचक नाम प्रचलनअनुसार नै लेख्ने भनी उल्लेख गरिएको भए पनि त्यसलाई यस कोशले पालना गरेको छैन भने र अर्कातिर माथि उल्लिखित व्यक्तिवाचक नाम कतै पदयोग र कतै पदवियोग गरी प्रविष्टि दिइएको छ । यसरी व्यक्तिको नाम कतै जोडेर र कतै छुट्ट्याएर प्रविष्टि दिइएको यस कोशमा यस्ता नाम कुन छुट्ट्याउने र कुन जोड्ने भन्नेबारे कुनै स्पष्ट नीति अबलम्बन गरिएको देखिँदैन । 'नेपाली बृहत् शब्दकोशमा भएका पछिल्ला संशोधनका सम्बन्धमा आएका सुझाब र २०७२ को संस्करणमा प्रयुक्त वर्ण विन्यासका केही पक्षमा भएका गुनासा र सुझाबलाई सम्बोधन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठान, प्राज्ञ परिषद्को मिति २०७३ कार्तिक १० गतेको निर्णयबमोजिम यो दसौँ संस्करण तयार गरिएको हो । यस संस्करणमा निम्नलिखित कुरालाई अवलम्बन गरिएको छ :

**संयुक्त वर्णको प्रयोग**

संयुक्त व्यञ्जन वर्ण विशेष गरी 'द्' वर्णसँग जोडिएर आउने शब्दमा संयुक्ताक्षर (विद्या, बुद्ध, युद्ध, द्वन्द्व, द्वित्व, द्विवचन आदि) लाई नै प्रविष्टि दिइएको छ। अन्य संयुक्त व्यञ्जन जोडिएर बनेका शब्दको प्रविष्टिमा ने बृश २०४० बाटै हुँदै आएको प्रयोग (अङ्क, अङ्ग, शङ्ख, मङ्गल, गन्हाउनु, ब्राह्मण, प्रह्लाद, चिह्न, तत्त्व, शक्ति आदि)लाई कायम राखिएको छ ।

क् र त् मिलेर बनेको संयुक्त ख वर्णलाई भने वैकल्पिक (शक्ति ह, शक्ति) रूपमा प्रविष्टि दिइएको छ ।

**पदयोग र पदवियोग**

रूढ भइसकेका एकार्थी स्थान नाम, बार नाम, संस्था र व्यक्तिका नामलाई पदयोग गरेर (भक्तपुर, ललितपुर, विराटनगर, आइतबार, सोमबार, विश्वविद्यालय, विद्यावारिधि, लक्ष्मीप्रसाद, लेखनाथ आदि) लेखिएको छ तर व्यक्तिनाम व्यक्तिको पहिचानसँग जोडिएकाले व्यक्तिले स्वेच्छाले छुट्याएर लेखेमा (कृष्ण बहादुर, जगदीश प्रसाद आदि) पनि अन्यथा नमान्ने नीति लिइएको छ ।

सबै नामयोगीलाई पूर्वप्रचलनअनुसार मूल शब्दसँग योग गरेर (टेबलमाथि, घरबाहिर, रामसित, पूर्वतर्फ, भनेबमोजिम आदि) लेखिएको छ । पूर्ण द्वित्व शब्दलाई अलग्गै डिकोमा (खान्छ खान्छ, विद्यालय विद्यालय, घर घर, जो जो आदि) र आंशिक तथा आपरिवर्तित द्वित्व शब्दलाई भने एउटै डिकोमा (भातसात, मरमसला, आआफ्नो, ससाना आदि) लेखिएको छ । संयुक्त क्रियालाई जोडेर (खानुपर्छ, खाइहाल्छ, खाइजान्छ, मिलाइदिन्छ आदि) लेखिएको छ तर पूर्व कालिक (खाई जान्छ - खाएर जान्छ), उत्तर कालिक क्रिया (खान जान्छ - खानका लागि जान्छ), एवं पूर्ण पक्ष (भनेको छ), अपूर्ण पक्ष (भन्दै छ) र सामान्य भविष्यत् (भन्ने छ) पक्षका क्रियालाई छुट्याएर लेखिएको छ ।

विशेषण विशेष्य युक्ति शब्दलाई नेबृश २०४० देखि नै पदवियोग गरिएको छ (अकासे खेती, कान्छो बाबु, कालो कोट, माइला दाइ, सानो भाइ, ठुली आमा आदि) परम्परालाई कायम गरिएको छ तर दुई शब्द मिली एकार्थी भएका समस्त शब्द तथा विकार भएका शब्दलाई पदयोग गरेर (शुभयात्रा, प्रधानमन्त्री, कालीमाटी, रातीगेडी, माल्दाइ, सान्दाइ, ठुल्यामा आदि) लेखिएको छ ।

समास भएर बनेका लामा शब्दहरूका घटक (प्रधान न्यायाधीश, मदन पुरस्कार, सरस्वती सम्मान, उच्च सतर्कता केन्द्र, नेपाल सरकार, संस्कार सुधार, नेपाली समालोचना, अध्ययन प्रतिवेदन आदि) तथा विशेषण विशेष्य संरचनाका घटक (तेह्रथुमे केटो, सानो भाइ, माथिल्लो घर, साउने पानी आदि) लाई अलग डिकोमा लेखिएको छ भने दुई शब्दका लघु समासयुक्त शब्द (शिक्षामन्त्री, केटाकेटी, दालभात, बाख्रापालन, घरबाहिर आदि) लाई एउटै डिकोमा लेखिएको छ।

**ह्रस्वदीर्घको प्रयोग**

पहिचानसँग जोडिएका जात, थर बुझाउने सबै शब्दका अन्तिम इकार र उकार पूर्व प्रचलनअनुसार (कामी, दमाई, लिम्बू, राई आदि) लेखिएको छ भने समुदायले प्रचलनमा ल्याएका सायमि, यमि जस्ता प्रयोगलाई ह्रस्व लेखिएको छ । विशेषणबोधक शब्दका अन्त्यमा आउने इकारलाई प्रचलनअनुसार (रोगी, भोगी आदि) र उकारलाई ह्रस्व (इखालु, विषालु, सिकारु आदि) लेखिएको छ ।

तीनबाहेक संख्यावाचक सबै शब्दका आदि र मध्यमा (बिस, तिस, बत्तिस, चालिस आदि) ह्रस्व लेखिएको छ । क्षतिपूर्ति दीर्घीभवन भनी दीर्घ (मीठो, दूध, मीत, तीतो आदि) लेखिँदै आएका सबै शब्दलाई शब्दकोशमा प्रविष्टि दिई हे. (हेर्नू) गरी प्रयोगका लागि ह्रस्वीकरण (मिठो, दुध, मित, तितो) तर्फ निर्देश गरिएको छ ।

श्रुतिसमभिन्नार्थी (फूल्फुल, तीन्तिन, पूरापुरा, जून्जुन जस्ता) शब्दलाई अलग प्रविष्टि र अर्थलेखन गरी राखिएको छ । तद्भव र आगन्तुक शब्दका आदि र मध्यमा (पिठो, तितो, स्कुल, सिकार, एसिया, सहिद आदि) कायम गरिएको छ । विध्यर्थक क्रियाका बिचमा ह्रस्व र अन्त्यमा दीर्घ (जाउन्, हिंड्न्, जाऊ, खानू आदि) लेखिएको छ । वचनबोधक 'हरू' सर्गलाई दीर्घ लेखिएको छ ।

**श, ष र स को प्रयोग**

'श, ष, स'को प्रयोग अघिल्ला संस्करणबमोजिम नै गरिएको छ तर पहिचान खुल्ने जाति, थर बुझाउन

आउने 'श'लाई सम्बन्धित समुदायले प्रयोगमा ल्याएका प्रचलनअनुसार (शेर्पा, शाह, शाही, शेरचन, जोशी आदि) नै लेखिएको छ । सबै आगन्तुक शब्दमा पूर्व प्रचलनअनुसार 'स' मात्र लेखिएको छ तर पहिले प्रयोग भएका शहीद, शहर जस्ता शब्दलाई भने प्रविष्टि दिई हे. गरेर प्रयोगका लागि सहिद, सहरतर्फ निर्देश गरिएको छ ।

## निष्कर्ष

वर्णविन्यास भाषाको लेख्य व्यवस्थासँग सम्बन्धित कुरा हो । वर्णविन्यास भनेको शुद्धाशुद्धि वा हिज्जेको विधान हो । यसले शब्दमा वर्णहरूको सार्थक एवम् समुचित विन्यास अर्थात् रखाइलाई जनाउँछ । तर यस विषयमा नेपालीका विद्वान्हरूले जुँगाको लडाइँ मच्चाउने गरेकाले नेपाली भाषामा वर्णविन्यासका सर्वमान्य नियमहरू बन्न सकेका छैनन् ।  एउटा तहमा पढदा शुद्ध मानिएको शब्द अर्को तहमा पुग्नासाथ अशुद्ध भनिँदा शिक्षक वर्गप्रति विद्यार्थीहरूको विश्वास घट्दो छ । भाषा मानिसले व्यवहारबाट सिक्दछ र भाषिक व्यवहार बारम्बारको अभ्यासमा आधारित हुन्छ । सिकाइका क्रममा  जानेका कुरा दिमागमा गाडिएर रहेका हुन्छन् । गलत प्रयोगबाट लागेको बानी बदल्न निकै गाह्रो हुन्छ भने बारम्बारको अभ्यास बाट सही भनी दिमागमा अङ्कित गरिएको कुरा लाई गलत ठान्न कठिन हुन्छ । सिकाइका क्रममा कहिले 'दस' शब्द गलत कहिले त्यही 'दस' सही, कहिले फूल (पुष्प) गलत कहिले फुल (पुष्प) सही, कहिले 'दुध' ह्रस्व त कहिले 'दूध' दीर्घ  । वर्णविन्यासका यी मौसमी नियमले भाषा सिक्ने र सिकाउने दुवै कुहिराका काग बनिरहेका छन् । यसरी वर्णविन्यासले लेखनका विविध गल्ती क्षेत्रका सम्पूर्ण अशुद्धि र अस्पष्टताबाट मुक्त तुल्याई शुद्ध, प्राञ्जल, स्तरीय र प्रस्टसँग लेख्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै भाव वा विचार वा कुनै कुरा लेख्य भाषामा व्यक्त गर्दा वर्णविन्यास मिलाउनुपर्छ । वर्णको सम्बन्ध अर्थसँग हुने भएकाले वर्णविन्यासमा त्रुटि भएमा कुनै अभिव्यक्ति सही र स्पष्ट रूपमा प्रकट हुन सक्दैन । लिखित अभिव्यक्तिमा लेख्य चिन्हहरूको शुद्ध, स्पष्ट र स्तरीय प्रयोगको आवश्यकता पर्दछ । यसका लागि नेपाली भाषाको वर्णविन्यासस्म्बन्धी नियम, मान्यता र प्रचलनहरू बुझ्नुपर्ने हुन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०४९), *समसामयिक नेपाली व्याकरण.* कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०५५), *समसामयिक नेपाली व्याकरण (दोस्रो संस्क.).* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५२), *नेपाली कारक व्याकरण.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०७२), *प्रयोगात्मक नेपाली शब्दकोश.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७६), *प्रयोगात्मक नेपाली व्याकरण.* साझा प्रकाशन ।

अधिकारी,हेमाङ्गराज (२०७६), *समसामयिक नेपाली व्याकरण (२०४९ को सातौँ संशोधन).* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी,हेमाङ्गराज (२०७२ भदौ १२ ), *नेपाली वर्ण विन्यासको सुधारका दिशामा चन्द्रगढी घोषणा पत्र २०६६ र यसको सान्दर्भिकता,* समकालिन साहित्य ।

आचार्य, शर्वराज (२०७५), *नेपाली व्याकरणको विकासक्रमिक अनुशीलन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

आचार्य,शर्वराज (२०७५ कार्तिक १५), *अभिलेखमा नेपाली वर्णविन्यास,* १२ खरी ।

खनिया, बुद्धराज र अन्य (२०६६), *नेपाली भाषा शिक्षण.* जुपिटर प्रकाशक तथा वितरक प्रा.लि ।

घिमिरे,दिनेश र भण्डारी, बालमुकुन्द (२०७७), *प्राज्ञिक लेखन: प्रकृया र प्रयोग.* इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

जोशी,खगेन्द्र (२०७७ वैशाख ४), *नेपाली भाषामा वर्णविन्याससम्बन्धी समस्या,* समकालिन साहित्य समाज,पृ.५।

ढुङ्गाना,लावण्य (२०६८), *नियमबिनाको वर्ण विन्यास:सिकारूलाई समस्या,* शिक्षक मासिक पत्रिका, श्रावण १ ।

नेपालको संविधान २०७२ (२०७२), *कानुन व्यवस्था समिति*।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७५), *नेपाली बृहत् शब्दकोश (२०४० को दशौँ संशोधन).* स्वयम् ।

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि.* शुभकामना प्रकाशन ।

भट्टराइ, डी.पि. र ढुङ्गेल,डिल्लीराम (२०६६), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति.* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र लामिछाने, यादवप्रकास (२०६५), *साधारण नेपाली.* विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०४५), *अनिवार्य नेपाली व्याकरण र रचना.* आठराई पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४३), *शब्द रचना र विन्यास र वाक्य तत्व र अभिव्यक्ति.* नवीन प्रकाशन ।

सुवेदी, देवीप्रसाद (२०४८), *वर्णविन्यास : एक चिनारी.* नेपाली भाषा सेवा केन्द्र ।